प्रमाणित प्रतिलिपि

# मिति २०८२/५/१५ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु

१. नगरपालिकाको आ.व. २०८२/०८३ को दररेटमा थपघट सहित पुनः स्वीकृत गर्ने सम्बन्धमा।
२. सितापुर बजार क्षेत्रको सडकमा गएको पहिरो संरक्षणमा भएको खर्च भुक्तानी सम्बन्धमा।
३. करार सेवामा कार्यरत कर्मचारीहरुको महंगी भत्ता तथा सामाजिक सुरक्षा कोषमा अवद्धता सम्बन्धमा
४. आ.व.२०८२/०८३ का योजना कार्यान्वयन सम्बन्धमा।
५. विषयगत समितिबाट पेश भएको वजेट तथा कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा।
६. वार्षिक प्रगति समिक्षा/सार्वजनिक सुनुवाई/भवन उद्घाटन कार्यकमको मिति तय गर्ने सम्बन्धमा।
७. सेवा निवृत्त कर्मचारी मोदनाथ ज्ञवालीको उपचार खर्च रकम भुक्तानी सम्बन्धमा।
८. प्रदेश लोकसेवा आयोगमा कर्मचारी माग गर्ने सम्बन्धमा।
९. देउराली आधारभुत स्वास्थ्य केन्द्रमा खरिद भएको एम्बुलेन्सको रकम भुक्तानी सम्बन्धमा।
१०. विविध सम्बन्धमा।

## निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १३ मा प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्र भित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट तोक्ने व्यवस्था गरे बमोजिम यस शितगंगा नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट मिति २०८२/३/१७ गतेको कार्यपालिका बैठकबाट स्वीकृत भएकोमा सोमा कृषि तथा पशु विकास तर्फको दररेट समेत समावेश गर्नु पर्ने भएको हुँदा आजको कार्यपालिका बैठकमा पुनःपेश भई छलफल भयो। उक्त पेश भएको आ.व. २०८२/०८३ को निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट पुनःस्वीकृत गर्ने निर्णय गरियो।

## निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा जिल्ला प्रशासन कार्यालय अ.खा.को च.नं.४२९७ मिति २०८२/३/२३ को पत्रबाट सितापुर बजार क्षेत्रमा सन्धिखर्क गोरुसिङ्गे सडकको नालीसम्म पहिरो गएको र पानी व्यवस्थापन नगरे सडक तथा वस्ती समेत थप क्षति हुने भएकोले पाईप व्यवस्थापन गरी पानी तलसम्म फाली पहिरो रोकथामको कार्य यथासिघ्र गर्न भनि लेखि आएको र यस नगरपालिकाको २ नं. वडा कार्यालयको पत्रबाट समेत पहिरो व्यवस्थापन गर्न भनि सिफारिस भई आएकोमा नगर प्रमुखको तोक आदेश बमोजिम लागत अनुमान तयार गरी पाईप खरिद तथा जडान कार्य भएकोमा उक्त कार्य गर्न तयार भएको लागत अनुमान, सो बमोजिम भएको कार्य सम्पन्न प्रतिवेदन, खर्चका विल भरपाई समेतका आधारमा लागेको खर्च रकम विपद् कोषबाट भुक्तानी गर्ने निर्णय गरियो।

प्रमाणित प्रतिलिपि

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिका र नगरपालिका अन्र्तगत सेवा केन्द्रहरुमा करार सेवामा कार्यरत कर्मचारीहरु लाई महंगी भत्ता उपलब्ध गराउने तथा सामाजिक सुरक्षा कोषमा आवद्धता गर्ने सम्बन्धमा हाल प्रचलित कानुनी व्यवस्था तथा बजेटको अवस्था समेतको विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्न तपशिल बमोजिम समिति गठन गर्ने निर्णय गरियो । समितिले आवश्यकता अनुसार प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत लगायत अन्य विज्ञको सहयोग लिन सक्नेछ ।

**तपशिल**

१. संयोजक श्री नुमलाल खनाल प्रशासकीय अधिकृत शिनपा

२. सदस्य श्री सन्तोष पन्थी सहायक प्रशासकीय अधिकृत शिनपा

३. सदस्य श्री ओम प्रकाश पाण्डे ना.सु शिनपा

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व.२०८२/०८३ का योजनाहरु कार्यान्वयनका सन्दर्भमा रु १० लाख सम्म रकम विनियोजन भएका योजनाहरु उपभोक्ता समिति मार्फत र सो भन्दा माथि रकम विनियोजन भएका योजनाहरु ठेक्का पट्टाको माध्यमबाट कार्यान्वयन गर्ने । तर स्थानीय पूर्वाधार सहयोग कार्यक्रम तर्फका योजनाको हकमा स्थानीय पूर्वाधार आयोजना संचालन तथा व्यवस्थापन निर्देशिका २०८१ बमोजिम कार्यान्वयन गर्ने । त्यसै गरी चालु आ.व.मा समपुरक अनुदान, सर्शत अनुदान तथा विशेष अनुदान तर्फ प्राप्त बजेटबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएका देहायका योजनाहरुमा देहाय बमोजिमको प्रतिशतमा रकमको श्रोत सुनिश्चितता गरी सुनिश्चितता गरेको रकम समेतको लागत अनुमान तयार गरी विद्युतिय खरिद प्रकृया मार्फत ठेक्का व्यवस्थापन गर्ने । तर शिनपा १० भित्रका विभिन्न मो.वा. तथा गो.वा.मर्मत सुधार भनि विनियोजन भएको रु १५ लाखको कार्य उपभोक्ता समिति मार्फत गर्ने निर्णय गरियो ।

***रकम सुनिश्चितता गरेका योजना र रकम***

१. सडक योजना कालोपत्रे तर्फ १० प्रतिशत सम्म
२. सडक योजना मर्मत तथा स्तरोन्नती तर्फ १५ प्रतिशत सम्म
३. भवन योजना निर्माण तथा मर्मत तर्फ १० प्रतिशत सम्म
४. अन्य योजना तर्फ १० प्रतिशत सम्म

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा आ.व.२०८२/०८३ मा यस नगरपालिकामा रहेका विभिन्न विषयगत समिति अन्र्तगत शाखाहरुबाट सम्पादन हुने गरी सत्रौं नगरसभाबाट शाखागत रुपमा एकमुष्ठ रहेको रकमबाट तपशिल बमोजिमका कार्य गर्न सम्बन्धित समितिको बैठकबाट निर्णय भई पेश हुन आएको तपशिल बमोजिमको कार्यक्रम तथा बजेट स्वीकृत गर्ने र उक्त कार्यक्रम तथा वजेट नगरपालिकाबाट प्रकाशन हुने नगर विकास योजना पुस्तकमा समावेश हुने गरी पुस्तक छपाई कार्य गर्ने निर्णय गरियो ।

प्रमाणित प्रतिलिपी

तपशिल

| योजना/कार्यक्रमको नाम | वजेट |
|---|---|
| **स्वास्थ्य तर्फ** | |
| नियमित खोप ढुवानी | २१०००० |
| खोप केन्द्र, गाउँघर क्लिनिक र एएनसी क्लिनिक संचालन यातायात खर्च | ३५०००० |
| अत्यावश्यक औषधी तथा उपकरण खरिद | २००००० |
| मासिक समिक्षा नपुग खर्च | २५०००० |
| नसर्ने रोग पहिचाहनका लागि एक महिने अभियान संचालन नपुग खर्च | १५०००० |
| महिला स्वास्थ्य स्वंयम सेविका दिवस खर्च | ३०००० |
| अनुगमन मुल्याङ्कन | ७०००० |
| डेटा भेरिफिकेसन वन साइड कोचिङ्ग | ८०००० |
| पूर्ण संस्थागत वडा घोषणा कार्यक्रम विविध खर्च | ३०००० |
| विद्यालय स्वस्थ्य शिक्षा कार्यक्रम | ४०००० |
| विविध तथा आकस्मिक कार्यक्रम संचालन खर्च | ९०००० |
| **जम्मा** | **१५०००००** |
| **शिक्षा तर्फ** | |
| सरस्वती मा.वि. शिनपा २ नि:शुल्क उच्च शिक्षा व्यवस्थापन अनुदान | ४००००० |
| ज्योती मा.वि. शिनपा ४ नि:शुल्क उच्च शिक्षा व्यवस्थापन अनुदान | ४००००० |
| सुधा मा.वि. शिनपा ५ नि:शुल्क उच्च शिक्षा व्यवस्थापन अनुदान | ४००००० |
| जनजागृती मा.वि. शिनपा १० नि:शुल्क उच्च शिक्षा व्यवस्थापन अनुदान | ४००००० |
| आधारभुत शिक्षा परिक्षा (कक्षा ८) संचालन तथा व्यवस्थापन | ४३०००० |
| प्रधानध्यापक बैठक तथा शिक्षा सम्बन्धि अन्य बैठक | १८०००० |
| अस्थायी करार शिक्षक प्रश्न बैंक निर्माण | ५०००० |
| शैक्षिक क्यालेण्डर निर्माण तथा व्यवस्थापन | १००००० |
| विद्यालय अनुगमन तथा निरिक्षण | ५०००० |
| उत्कृष्ठ विद्यार्थी सम्मान | ५०००० |
| विद्यार्थी प्रतिभा पहिचाहन तथा विभिन्न दिवसहरुमा कार्यक्रम संचालन | १३०००० |
| माध्यमिक तहका गणित, अग्रेजी र विज्ञान विषयका शिक्षकहरुसँग नतिजा सुधार सम्बन्धि छलफल तथा अन्तरक्रिया कार्यक्रम | १२०००० |
| अभिभावक, विद्यार्थी, शिक्षक उत्प्रेरणा कार्यक्रम | ३००००० |
| विविध तथा आकस्मिक कार्यक्रम संचालन खर्च | ९०००० |
| **जम्मा** | **३१०००००** |
| **पशु विकास तफ** | |
| औषधी खरिद | ४००००० |
| कुकुर बन्ध्याकरण कार्यक्रम | २००००० |
| भ्याक्सिनेटरलाई पारिश्रमिक | २००००० |
| उन्नत जातको बोका वितरण ५० प्रतिशत अनुदानमा | २००००० |
| **जम्मा** | **१००००००** |
| **कृषि विकास तर्फ** | |
| मौरी घार वितरण कार्यक्रम ५० प्रतिशत अनुदानमा | २००००० |
| च्याउको विउ वितरण कार्यक्रम ७५ प्रतिशत अनुदानमा | ५०००० |
| प्लास्टीक टनेल, जाली, जिकज्याक र प्रोफाइल वितरण कार्यक्रम ५० प्रतिशत अनुदान | ३००००० |

प्रमाणित प्रतिलिपि

| | | |
|---|---|---|
| हिउदे र वर्षे तरकारीको विउ वितरण कार्यक्रम | | १००००० |
| क्षमता अभिबृद्धी तालिम | | १००००० |
| नमुना कृषि फर्म | | २५०००० |
| **जम्मा** | | १०००००० |
| **उद्योग विकास शाखा तर्फ** | | |
| सिलाई कटाई तालिम | | २००००० |
| अचार बनाउने तालिम | | १००००० |
| हाते ट्याक्टर मर्मत तालिम | | ३००००० |
| ढाका कपडा बुनाई तालिम | | १००००० |
| **जम्मा** | | ७००००० |
| **महिला, वालवालिका जेष्ठ नागरिक शाखा तर्फ** | | |
| लैंगिक उत्तरदाई बजेट परिक्षण | | १५०००० |
| लैंगिक समानता तथा समाजिक समावेशीकरण परिक्षण | | १३०००० |
| लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि कार्य योजना तर्जुमा | | ७०००० |
| हानिकारक प्रथा न्यूनीकरणका लागि सचेतना अभिबृद्धी कार्यक्रम | | १००००० |
| लैंगिक हिंसा विरुद्धको १६ दिने अन्तराष्ट्रिय अभियान (नोभेम्बर २५ देखि डिसेम्वर १० सम्म) | | ८०००० |
| अन्तराष्ट्रिय महिला दिवस (मार्च ८) | | १४०००० |
| द्वन्द प्रभावित महिला र बालिकाको नेतृत्व विकास तथा सशक्तिकरण कार्यक्रम | | ७०००० |
| किसोरीहरुका लागि आत्मरक्षाको तालिम | | ७०००० |
| गरिवि निवारका लागि वित्तिय साक्षरता कार्यक्रम | | ५०००० |
| महिला जनप्रतिनिधिहरुका लागि क्षमता विकास कार्यक्रम | | ८०००० |
| सवै वडामा महिला समूह गठन | | ३०००० |
| नगर स्तरीय महिला संजाल गठन तथा बैठक व्यवस्थापन | | २०००० |
| राष्ट्रिय महिला अधिकार दिवस (जेष्ठ १६) | | ५०००० |
| सवै वडामा एकल महिला समूह गठन | | ३०००० |
| नगरस्तरीय एकल महिला सञ्जाल बैठक व्यवस्थापन | | २०००० |
| एक महिला नेतृत्व विकास कार्यक्रम | | ७०००० |
| अन्तराष्ट्रिय एकल महिला दिवस (जुन २३) | | ४०००० |
| बालश्रम मुक्त स्थानीय तह घोषणाका लागि सूचकमा आधारित कार्यक्रम | | १००००० |
| जेष्ठ नागरिक दिवा सेवा केन्द्र कार्यक्रम संचालन | | १५०००० |
| अन्तराष्ट्रिय जेष्ठ नागरिक दिवस (अक्टोवर १) | | २५००० |
| राष्ट्रिय जेष्ठ नागरिक दिवस (पुस ११) | | २५००० |
| युवा उद्यमशिलता विकास कार्यक्रम | | २००००० |
| अपाङ्गता भएका व्यक्तिहरुको अन्तराष्ट्रिय दिवस (डिसेम्वर ३) | | ५०००० |
| अपाङ्गता सम्बन्धि क्षमता विकास कार्यक्रम | | १५०००० |
| दलित वर्गको उत्थानका लागि कानुनी सचेतना अभिबृद्धी कार्यक्रम | | ५०००० |
| दलित उन्नयनका लागि तेतृत्व विकास कार्यक्रम | | १००००० |
| दलित वर्गका लागि शिप विकास कार्यक्रम | | १००००० |
| जातिय भेदभाव तथा छुवाछुत उन्मुलन दिवस (जेष्ठ २१) | | ५०००० |

प्रमाणित प्रतिलिपी

| | |
|---|---|
| जनजातीको भाषा तथा संस्कृती संरक्षणका लागि अन्तरपुस्ता संवाद कार्यक्रम | १००००० |
| जनजाती महिला तथा किसोरीहरुको नेतृत्व विकास कार्यक्रम | १००००० |
| जनजाती वर्गका लागि शिप विकास कार्यक्रम | १००००० |
| **जम्मा** | २५००००० |

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा आ.व.२०८१/०८२ मा यस नगरपालिकाबाट सम्पादन भएका कार्यहरुको वार्षिक प्रगति समिक्षा गोष्ठी र आ.व. २०८२/०८३ को प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८२/५/२० गते विहान ११.०० वजे नगरपालिको सभाहलमा गर्ने । साथै ग्रामीण उद्ययम तथा आर्थिक विकास आयोजनाको आर्थिक सहयोगमा यस नगरपालिकाको हाता भित्र निर्माण सम्पन्न भई हस्तान्तरण भएको कृषि तथा पशुपंक्षी सेवा केन्द्र भवनको नगर प्रमुखबाट समुद्घाटन समेत सोही मितिमा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा कर्मचारी समायोजन ऐन २०७५ बमोजिम समायोजन भई मिति २०७६/५/२३ देखि यस नगरपालिकामा कार्य गरी मिति २०८१/३/१० मा अवकास प्राप्त सहायक पाचौ तहका कर्मचारी श्री मोदनाथ ज्ञवालीले दिएको निवेदन अनुसार समायोजन पश्चातको नियमानुसार पाउने प्रत्येक वर्षको १ महिनाको हिसावले ५ वर्षको हुन आउने औषधी उपचार खर्च बापतको रकम रु २३१५५०।- घरेलु तथा साना उद्योग विकास समिति प्रधान कार्यालय काठमाण्डौंबाट भुक्तानी नभई उक्त कार्यालयको च.नं.९७ मिति २०८१/११/२६ गतेको पत्रबाट कर्मचारी सेवा शर्त नियमावली २०५५ बमोजिम प्रत्येक वर्षको पौष र आषाढ महिनामा तलब भुक्तानी गर्दा खाई पाई आएको आधा/आधा महिनाको तलव औषधी उपचार रकम पाउने व्यवस्था अनुसार पाउदै आएको तर समायोजन पश्चात उक्त रकम भुक्तानी हुन नसकेकोले तहाँबाटै आवश्यक कारवाही हुन भनि लेखिआएकोले उक्त पत्र तथा निवेदन अनुसार समायोजन पश्चातको औषधी उपचार वापतको रकम निजलाई भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा प्रदेश लोक सेवा आयोग लुम्बिनी प्रदेश बुटवलको च.नं.१०२ मिति २०८२/५/११ गतेको पत्रबाट रिक्त पदको माग आकृति फारम पठाउन भनि लेखिआएकोले नेपाल सरकारबाट स्वीकृत दरबन्दी अर्न्तगत हाल रिक्त रहेका पदहरुको माग आकृति फारम भरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा मिति २०८२/२/२६गतेको कार्यपालिका बैठकबाट शितगंगा नगरपालिका वडा नं. ६ को लागि रोटरी क्लब अफ बुटवल चौतारीले हस्तान्तरण गर्ने एम्बुलेन्सको लागि नगरपालिकाको तर्फबाट सम्झौता भएबमोजिम उपलब्ध गराउन/खर्च भुक्तानीको लागि रकम रु ६ लाख उपलब्ध गराउने

भनि निर्णय गरेकोमा पूर्व निर्णय अनुसार सम्झौताका शर्त बमोजिमको रकम चालु आ.व.को लागि दायित्व शिर्षकमा रहेको रकमबाट समपुरक वापत व्यर्होनु पर्ने रकम रोटरी क्लब अफ बुटवल चौतारीको खातामा जम्मा गरि दिने र बाँकी रकम देउराली आधारभुत स्वास्थ्य संस्थाको खातामा भुक्तानी खर्च लेख्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा बैठकमा आएका प्रस्तावहरु माथि छलफल भई तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

तपशिल

**(क)** यस नगरपालिकाका भित्रका विभिन्न उत्पादानशिल क्षेत्रमा उत्पादन गर्न तथा उत्पादित कृषि उपजहरु बजारिकरण गर्न उक्त कृषि उत्पादनशिल क्षेत्रलाई जोड्ने तपशिलका सडकहरुलाई कृषि सडकको रुपमा विकास गर्ने ।

तपशिल

१. दोबाटा चावे बेलदमार पाकुरी कृषि सडक शिनपा ११ र ९
२. कोप्चेवास गंगाफाँट कृषि सडक शिनपा ४
३. सितापुर कैलासे जुकेना कृषि सडक शिनपा २, ३, ५
४. दमारवेसी फुर्सा कानाचौर राङ्गकास कृषि सडक शिनपा ७, ९
५. चाक्ला भाविन गल्दा कृषि सडक शिनपा ४, ५
६. बोखर दह कल्लेरी सुवर्णखाल कृषि सडक शिनपा १३, १
७. सितापुर सिमलपानी कृषि सडक शिनपा २ र १३
८. बर्रे राक्से बाटुले हर्रे कृषि सडक शिनपा १०
९. सुवर्णखाल बडहरा गंगा कृषि सडक शिनपा १

**(ख)** यस नगरपालिकामा रिक्त रहेका समृद्धिका लागि वन परियोजना तर्फ वन प्राविधिक र समी परियोजना तर्फ सहज कर्ता करार सेवामा नियुक्त गर्न आवश्यक प्रकृया अगाडी बढाउने ।

**(ग)** यस नगरपालिका क्षेत्र भित्रको जग्गा वर्गिकरणको कार्य नहुदाँ कित्ताकाट रोकिएकोले उक्त कार्य गर्न सत्रौं नगरसभाबाट रकम समेत विनियोजन भएको जग्गा वर्गिकरणको कार्य तत्काल अगाडी बढाउने ।

**(घ)** यस नगरपालिकाको आ.व. २०८१/०८२ को लागि स्वीकृत योजना, कार्यक्रम र चालु प्रकृतिका खर्चहरु भुक्तानी गर्ने क्रममा संघीय सरकारबाट उपलब्ध गराइएको शिलिङ्ग बमोजिम वित्तिय समानिकरण अनुदान र राजश्व बाँडफाड शिर्षकमा रकम प्राप्त नहुदा भुक्तानी हुन नसकेको भुक्तानीको लागि कच्चावारी (मलेप फारम नं. २२१ साविक १८) प्रमाणित गरी पेश हुन आएको रु ६८,०४,०००।- का सन्दर्भमा आजको बैठकमा भुक्तानी बाँकीको शिर्षकगत छलफल भयो । उक्त भुक्तानी बाँकी रहेको

रकम सत्रौं नगरसभाबाट चालु आ.व.को लागि भुक्तानी दायित्व भनि विनियोजन गरेको रकमबाट भुक्तानी दिने ।

(ङ) यस नगरपालिकाको वडा नं. ९ निवासी मिना सुनारको उपचारको क्रममा मृत्यु भएको र आर्थिक अवस्था निकै कमजोर भएकोले काजकृया खर्च बापत रु २५,०००।- आर्थिक सहायता निजको परिवारको सदस्यलाई उपलब्ध गराउने ।

(च) यस नगरपालिकाको वडा नं. ९ निवासी कुन्जविर सुनारको मृत्यु भएको र आर्थिक अवस्था निकै कमजोर भएकोले काजकृया खर्च बापत रु २५,०००।- आर्थिक सहायता निजको परिवारको सदस्यलाई उपलब्ध गराउने ।

(छ) यस नगरपालिकाको वडा नं. ९ निवासी नर बहादुर रोकालाई एक्कासी उच्च रक्तचाप भई भिरबाट लडी मृत्यु भएको र आर्थिक अवस्था निकै कमजोर भएकोले काजकृया खर्च बापत रु २५,०००।- आर्थिक सहायता निजको परिवारको सदस्यलाई उपलब्ध गराउने ।

(ज) यस नगरपालिकाको वडा नं. ११ निवासी विवेक बुढाको पानीमा डुवेर मृत्यु भएको र आर्थिक अवस्था निकै कमजोर रहेकोले काजकृया खर्च बापत रु २५,०००।- आर्थिक सहायता निजको परिवारको सदस्यलाई उपलब्ध गराउने ।

(झ) यस नगरपालिको वडा नं. ७ निवासी लेख बहादुर पुनको श्रीमती सावित्रा पुनको मृत्यु भएको र आर्थिक अवस्था निकै कमजोर भएकोले काजकृया खर्च बापत रु २५,०००।- आर्थिक सहायता निजको परिवारको सदस्यलाई उपलब्ध गराउने ।

(ञ) वडा नं. ६ निवासी बोम बहादुर बादीको मृत्यु भएको र आर्थिक अवस्था निकै कमजोर रहेकोले काजकृया खर्च बापत रु २५,०००।- आर्थिक सहायता निजको परिवाको सदस्यलाई उपलब्ध गराउने ।

(ट) यस नगरपालिकाको वडा नं. ११ निवासी पिताम्बर घर्तिको श्रीमती भगवता घर्तिलाई क्यानसर लागि वि.पी. कोइराला मेमोरियल क्यान्सर अस्पतालमा उपचारको क्रममा रहेको तर आर्थिक अवस्था निकै कमजोर रहेकोले निजको उपचारको लागि रु २५,०००।- आर्थिक सहायता निजको परिवारको सदस्यलाई उपलब्ध गराउने ।

(ठ) यस नगरपालिकाको वडा नं. ५ निवासी लिल बहादुर दमाईको छोरा विकास परियार सक्त विरामी भई उपचारको क्रममा रहेको तर आर्थिक अवस्था निकै कमजोर रहेकोले निजको उपचारको लागि रु २५,०००।- आर्थिक सहायता निजको परिवारको सदस्यलाई उपलब्ध गराउने ।

आजको बैठक सर्वसम्मत निर्णय गर्दै सम्पन्न गरियो ।

प्रमाणित प्रतिलिपि